'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १४४ आइतवार ०६ माघ, २०८१ 19 (Sunday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### नेपालगञ्जमा लुम्बिनी कप महिला फुटबल
## प्रतियोगितामा नेपाल र भारतका आठ टीम सहभागी हुने

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/०५




महिला फुटबलको विकासका लागि पहिलो पटक नेपालगन्जमा अन्तर्राष्ट्रिय स्तरको लुम्बिनी कप महिला फुटबल प्रतियोगिता आयोजना गरिने भएको छ । अन्तरालको आयोजना र बाँके जिल्ला फुटबल सङ्घको सहकार्यमा सो प्रतियोगिता नेपालगन्ज रङ्गशालामा आगामी फागुन १९ देखि २९ गतेसम्म सञ्चालन गरिने पत्रकार सम्मेलनमा जानकारी गराइयो । आयोजक अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले प्रतियोगितामा नेपालका 'ए डिभिजनका' ६ वटा टीम र भारतका दुई वटा टीम गरेर आठ वटा टीमको सहभागिता रहने बताए । शाहले लामो समयपछि नेपालगन्जमा ठुलो फुटवल प्रतियोगिता आयोजना हुन थालेको जनाउँदै त्यसका लागि स्रोत व्यवस्थापनसँगै अन्य तयारी तीव्र पारिएको जानकारी गराए । कोभिडपछि पहिलो पटक नेपालगन्ज रङ्गशालालाई खेल र खेलाडीका लागि खुल्ला गरिएको जनाउँदै प्रमुख कार्यकारी शाहले प्रतियोगितालाई भव्य बनाउन सङ्घीय सरकारदेखि स्थानीय सरकार र विभिन्न गैर सरकारी निकायको पनि सहयोग आवश्यक रहेकाकोले सबै पक्षको सहयोगका लागि आग्रह समेत गरे । प्रतियोगितामा करिब १ करोड ३५ लाख रुपियाँ खर्च हुने अनुमान गरिएको जनाउँदै शाहले श्रोतहरु खोजी गर्ने कार्य भइरहेकाले प्रायोजक हुन चाहनेहरुलाई सम्पर्क गर्न अनुरोध गरे । बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष एवम् एन्फा केन्द्रीय सदस्य भोजराज शाहीले लामो समयपछि नेपालगन्जमा ठुलो प्रतियोगिता आयोजना हुन थालेकोले भव्य बनाउन सबैको सहयोग अपरिहार्य भएको बताए । उनले यस प्रतियोगिताले बाँके र यस क्षेत्रमै नयाँ प्रतिभाहरू आउने विश्वास व्यक्त गर्दै बाँके जिल्ला फुटबल सङ्घ लुम्बिनी कपलाई सफल पार्न जुटिसकेको जानकारी गराए । लुम्बिनी कप महिला फुटबल पश्चिम नेपालकै गर्व गर्न लायक इभेन्ट बन्ने निश्चित भएको जनाउँदै शाहीले यसबाट नेपालगन्जमा खेलकुद गतिविधि तीव्र हुने बताए । सो अवसरमा लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्य जनक केसी, पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरी, बाँके महिला फुटवल समितिका अध्यक्ष नितु शाह चन्द, प्रचार प्रसार उपसमितिका संयोजक निरज गौतम, वरिष्ठ फुटबल खेलाडीहरु र विभिन्न उपसमितिका संयोजकहरुको उपस्थिति थियो ।

## नेपाल–भारत सुरक्षा बैठक सम्पन्न

नमस्ते समचारदाता
देउखुरी, माघ/०५




नेपाल र भारतका सुरक्षा निकाय बिच डिआइजी स्तरीय छैटौं समन्वयात्मक सुरक्षा बैठक सम्पन्न भएको छ। बैठकमा सीमा अपराध नियन्त्रण, साम्प्रदायिक तत्वको रोकथाम, र आपसी सहयोगको विभिन्न विषयमा छलफल गरिएको थियो। बैठकमा नेपालको तर्फबाट सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीप कुमार पालको नेतृत्व रहेको थियो भने भारततर्फ भारतीय सशस्त्र सीमा बल (एसएसबी)का लखीमपुरखिरी सेक्टर हेडक्वार्टर का डिआइजी बी. विक्रमन र गोरखपुर सेक्टर हेडक्वार्टरका डिआइजी मुन्ना सिंहले प्रतिनिधित्व गरेका थिए। बैठकमा सीमावर्ती जिल्लामा देखिएका उग्र साम्प्रदायिक गतिविधि नियन्त्रण, धार्मिक सहिष्णुता कायम, सीमा अपराध रोकथाम र सूचना आदान प्रदानलाई थप प्रभावकारी बनाउन सहमति भएको छ। बैठकले अवैध आर्थिक अपराध, लागुऔषध ओसारपसार, मानव बेचबिखन र तेस्रो देशका नागरिकको गैरकानुनी प्रवेशलाई रोक्न संयुक्त सुरक्षा अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । त्यसैगरी, दशगजा क्षेत्रको सरसफाइ, सीमास्तम्भको मर्मत सम्भार, र अवैध संरचना हटाउने विषयमा दुवै पक्षले सहकार्य गर्न प्रतिबद्धता जनाएका छन् । बैठकमा संयुक्त गस्ती, हेल्थ डेस्क सञ्चालन, खेलकुद र विविध अभ्यासहरूलाई निरन्तरता दिने सहमति पनि भएको छ । बैठकमा सशस्त्र प्रहरी बल नेपालका बरिष्ठ अधिकारीहरू र भारतीय सशस्त्र सीमाबलका कमाण्डरको समेत उपस्थिति थियो । नेपाल-भारतबिचको यो नियमित बैठकले खुला सीमासम्बन्धी चुनौतीको समाधान गर्न थप प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ । यसअघि यस्तै प्रकृतिको बैठक भारतको उत्तरप्रदेशस्थित बहराइचमा सम्पन्न भएको थियो ।

## २०% भन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था खारेज

नमस्ते समचारदाता
काठमाडौं, माघ/०५

सरकारले भरखरै अध्यादेश मार्फत ल्याएका कालो बजारी ऐन संशोधनको प्रावधानले अब 'मनलाग्दी मूल्य निर्धारण' गरेर कालोबजारी गर्न व्यवसायीलाई छुट दिइएको छ । यसअघि २० प्रतिशतभन्दा बढी मुनाफा लिए कालोबजारी मान्दै व्यवसायीलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुवै हुन सक्ने' व्यवस्था थियो । तर, यो व्यवस्था रहेको 'कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, ०३२ को दफा ३ (१)' नै व्यवसायीहरूको स्वार्थ अनुसार अध्यादेश मार्फत हटाइएको छ । महँगी नियन्त्रण र उपभोक्ता सुरक्षाको ढोका बन्द गर्दै सरकारले वस्तु बिक्रीमा २० प्रतिशतभन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था खारेज गरेर 'मनलाग्दी मूल्य निर्धारण'मा छुट दिने प्रावधान कायम गरेको छ । व्यापारीले मनपरी नाफा लिन पाउने ढोका खोलिदिएर सरकारले आमउपभोक्ताको अधिकारमा गम्भीर ठोस पुऱ्याएको छ । व्यापारीको स्वार्थअनुसार दफा हटाउँदा अब व्यवसायीले निर्धारण गर्ने अधिकतम खुद्रा मूल्य (एमआरपी)लाई आधिकारिक मान्नुपर्नेछ । उपभोक्ताकर्मीले अध्यादेश मार्फत कार्टेलिङ, कालोबजारी र कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीको मनोबल उच्च बनाउन सरकार सहयोगी बनेको टिप्पणी गरेका छन् । २९ पुसमा जारी 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश'मार्फत 'कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, ०३२' को दफा ३ (१) हटाइएको छ। जसले महँगी नियन्त्रण गर्ने ढोकासमेत बन्द गरेको छ । यसअघि उक्त ऐनको दफा ३ (१) अनुसार 'उद्योगी, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र विक्रेतालाई कुल लागतमा २० प्रतिशतभन्दा बढी मुनाफा गर्न पाइँदैनथ्यो । त्यसो गरे कालोबजारी ठहर हुन्थ्यो । तर, व्यापारीको स्वार्थमा दफा नै हटाएर वस्तु तथा सेवाको मनलाग्दी मूल्य निर्धारण गर्न सहज बनाइएको छ। उपभोक्ताले खरिद बिलसहित कही-कतै उजुरी गरे न्याय पाउने अधिकार समेत खोसिएको छ। मूल ऐनको दफा ३ (१) मा भनिएको छ, 'सरकारले तोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले मालवस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको समुचित नाफा लिई बिक्री गरेमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुवै हुन सक्नेछ ।' अहिले यही व्यवस्था हटाएर सरकारले व्यवसायीको स्वार्थअनुकूल काम गरेको छ । सरकारले अध्यादेशमार्फत कानुन परिमार्जन गरेपछि निजी क्षेत्रका तीन ठुला संस्था उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल र चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालसहितका व्यवसायीले बुधबार बिहानै प्रधानमन्त्री केपी ओलीलाई बालुवाटारमा भेटेर धन्यवाद दिएका छन् । किनभने यो अध्यादेश नै ती ठूला ब्यापारीहरुको स्वार्थ अनुसार नै आएको थियो । उपभोक्ता अधिकारकर्मी ज्योती बाँनियाँ भन्छन्, 'कालोबजारी सम्बन्धी मूल ऐनमा भएका सबै व्यवस्था कायम रहेको वेला उपभोक्ताले मूल्यमा ठगिएको महसुस गरे आधिकारिक खरिद बिलसहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिने र प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गरी दोषीलाई कारबाही गर्न सक्ने व्यवस्था थियो । सोही ऐनमा टेकेर पालिकाले पनि उपभोक्ता संरक्षण ऐन बनाएर कालोबजारी र ठगीको अनुगमन र नियमन गर्दै आएका थिए। तर, सरकारले यस्तो व्यवस्था हटाएर 'सक्नेले खाने, नसक्नेले नखाने' आशयको व्यवहार गरेको छ।'

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर
- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## कुटनीति कमजोर हुनु आर्थिक रुपमा पनि कमजोर हुनु हो

नेपालका सन्दर्भमा आर्थिक कूटनीति यस अर्थमा महत्वपूर्ण छ कि मुलुकको भूपरिवेष्टित आधार, अविकसित अवस्था, आर्थिक क्रियाकलापको कमजोर स्तर, व्यापक गरिबी र पछौटेपन जस्ता आन्तरिक चरित्रका कारण यसलाई उपयोग गरी राष्ट्रिय स्वार्थ विस्तार गर्न सकिन्छ। आर्थिक कूटनीतिका परम्परागत विषय बदलिएका छन्। फराकिएका पनि छन्। जसले सम्भावनाका अतिरिक्त ढोका खोलेका छन्। व्यापार मार्फत मुलुकले आफ्ना अर्थतन्त्रमा उत्पादन भएका वस्तु सेवालाई बाँकी विश्वमा पुऱ्याई आन्तरिक रोजगारी, तुलनात्मक लाभ र विदेशी मुद्रा आर्जन गरिरहेका छन्। त्यसैले, निर्यात व्यापार आर्थिक कूटनीतिको पहिलो क्षेत्र हो। वैदेशिक लगानी विस्तार अर्को क्षेत्र हो, जसले पुँजी, प्रविधि र सीप भित्र्याई अर्थतन्त्रलाई गतिशील र प्रतिस्पर्धी बनाउँछ। व्यापार विस्तार गर्छ। त्यस्तै हाम्रो आर्थिक पक्षलाई सबल बनाउने पर्यटन अर्को क्षेत्र हो। यसले मुलुकबिचको सम्बन्ध सुदृढीकरण गर्नुका साथै गन्तव्य मुलुकको आय तथा पहिचान विस्तार गर्छ। बैदेशीक सहायता परिचालन कूटनीतिको अभिन्न भाग हिजो पनि थियो। अहिले यसलाई व्यापकता मात्र दिइएको हो। आन्तरिक श्रम बजार साँघुरो भएको मुलुकका लागि वैदेशिक रोजगारी र आप्रवासन व्यवस्थाले आर्थिक कूटनीतिमा महत्वपूर्ण स्थान ओगट्ने स्पष्ट छ। भाइचारा र आर्थिक सम्बन्ध विकास र क्षेत्रीय साझेदारी पनि परम्परागत विषय क्षेत्र हुन्। जलवायु वित्तमाथि पहुँच विस्तार र सहकार्य नवीन विषय हो। यो मुद्दाले यसै शताब्दीबाट कार्यसूची पाएको छ। नेपालका लागि यो यसकारण महत्वपूर्ण छ कि जलवायु जोखिमका दृष्टिले नेपाल चौथो संकटापन्न मुलुक हो। अनुसूचीमा नपर्ने मुलुक हो। त्यसैले 'मुलकहरू समान छन् तर दायित्व फरक छ' भन्ने जलवायु खाका सन्धिको प्रावधान अनुसार नेपालले जलवायु संयन्त्रबाट फाइदा लिन सक्छ। नेपालका सन्दर्भमा आर्थिक कूटनीतिका केही सवाल जल्दाबल्दा छन्। नेपाल लगानी गन्तव्य बन्न सक्ने अवस्थामा छ। तर, लगानी भित्रिएको छैन। नेपालले अवलम्बन गरेको उदार आर्थिक नीति, अवस्थिति लगायत अनुकूल लगानीयोग्य वातावरणको प्रचारप्रसार छैन।




# किन चाहियो हरेक क्षेत्रमा दलैपिच्छेका संघसंगठन?

हेमशंकर गिरी




> राजनीतिक दलहरुले अपनाई रहेको गैरकानुनी र भद्दा अभ्यास अन्त गराई न्यायालय, सुरक्षा निकाय, निजामती प्रशासन र शैक्षिक अंगहरुलाई साझा, स्वच्छ र निष्पक्ष बनाई मुलुकलाई विधि र सुशासनमा हिँडाउन प्रतिनिधि सभामा रहेका सबै दलका नयाँ अनुहार तथा स्वतन्त्र युवाले पहलकदमी लिनुपर्ने देखिन्छ ।

नेपाल निजामती ऐन संशोधनको लागि केही दिनयता संसदको राज्य ब्यवस्था तथा सुशासन समितिमा घनिभूत छलफल भइरहेको र विभिन्न दलका प्रतिनिधि सांसद्हरुले राय सुझाब पेश गरिरहेका छन् । यसै सन्दर्भमा निजामती कर्मचारीहरु राजनीतिक दलहरु नै पिच्छे ट्रेड युनियन अर्थात भातृ संघ संगठनमा आबद्ध भएर विभाजित हुँदा निष्पक्ष रुपमा चुस्त सेवा प्रवाह हुन नसकेको तितो यथार्थ छ । नेपालको संविधान २०७२ को धारा १७(१) को (घ) मा संघ संस्था खोल्ने स्वतन्त्रता भनी उल्लेख भए पनि सरकारी कर्मचारीहरूलाई राजनीतिक दलहरु पिच्छे भ्रातृ संघ संगठनहरु खोल्न र आबद्ध हुन पाउने ब्यवस्था स्पष्ट रुपमा उल्लेख नभएको साथै दफा ४ खण्ड (घ) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा प्रतिबन्ध लगाउनेगरी ऐन बनाउन रोक लगाएको मानिने छैन भनी उल्लेख भएको छ । जनताले तिरेको राजश्वबाट पालिएको मुलुकको सरकारी कर्मचारीहरु जनता र देशप्रतिभन्दा राजनीतिक दल र विचारप्रति उत्तरदायी हुँदै राजनीतिक शक्तिकै आडभरोसामा वृत्तिविकास तथा अवसर खोज्नु र राजनीतिक दलको नियममा बाँधिनु सार्बजनिक नैतिकता प्रतिकूल बिषय हो । बिशेषगरी २०४८ सालपछि दलहरुकै आडमा निजामती प्रशासनमा अनुशासनहीनता र मर्यादाहीन गतिविधिहरु तीब्ररुपमा बढ्नाले अख्तियार तथा नियमक निकायहरुलाई समेत निकम्मा बनाउने काम हुँदै आएको छ। विगतमा दलहरुले जे जस्तो गरेपनि ती सबै कुराबाट आमजनता सुसूचित थिएनन् तर २०७४ सालपछि जनतामा बढ्दै गएको नैराश्यको चेतनालाई चिरेर सुशासनको अनुभूति गराउने हो भने मुलुकको साझा र जिम्मेवार निजामती प्रशासन (स्थायी सरकार) मा यसप्रकारको राजनीतिक दलहरुको भातृसंघ संगठनहरु खोलेर राजनीतिक सौदाबाजी गर्ने काम राज्य सञ्चालनमा बाधक भएकाले तत्काल यो प्रथा खारेज हुनैपर्छ । त्यसैगरी संविधानको धारा ३४ श्रमिकको हक सम्बन्धि (१) को स्पष्टीकरणमा श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार मजदूर भनिएको हुनाले यहाँ सरकारी निजामती कर्मचारी हो वा सरकारी स्वामित्वको वा निजी उद्योगधन्दामा काम गर्ने मजदुर हो भन्ने स्पष्ट देखिंदैन । ऐ ऐन (२) मा श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनिएको छ तर नेपाल सरकारको निजामती सेवा भनी उल्लेख नभएकोले हाल स्थानीय तह, प्रदेश र केन्द्रसम्म निजामती सेवाका कर्मचारीहरुको प्रत्येक राजनीतिक दलको भातृ संघ संगठनहरु तत्काल खारेज नगरिए सुशासनको नारा नारामा मात्र सीमित रहनेछ । तर कर्मचारीलाई राजनीतिक तहबाट हेपिएमा वा अन्यायमा पारिँदा यसउपर खबरदारी गर्न सबैको साझा रुपमा एउटा मात्र आधिकारिक ट्रेड युनियन कायम राख्न उचित हुन्छ साथै नेपाल निजामती ऐनको दफा ५३ मा यसको व्यवस्था समेत गरिएको छ । अवकाश प्राप्त सेना तथा प्रहरीः अवकाश प्राप्त सुरक्षाकर्मीहरुको नाम जोडेर दल नै पिच्छे खडा गरिएको भातृ संघ संगठनहरु पनि अर्को भद्दा उदाहरण हो । राज्यको सुरक्षा अंगहरु यसै पनि संवेदनशील र मुलुकप्रति ठुलो जिम्मेवारी बोकेका अंगहरु हुन् । यसप्रकारको अंगहरुमा कार्यरत सुरक्षाकर्मीहरु उदाहरणको रुपमा सैनिकहरुले अवकाश हुँदा वा लिँदा राज्यलाई आवश्यक परी बोलावट भएको बखत तोकिएको मिति,स्थान र समयमा पुनःहाजिर हुनेछु भनी कबोल समेत गरिएको हुन्छ। तसर्थ पूर्वसुरक्षाकर्मीहरुले अवकाशपश्चात राजनीतिक दलहरुको भातृ संघ संगठनहरु खोल्न र आबद्ध हुन पाउने भन्ने संवैधानिक वा कानुनी रुपमा साथै कुनैपनि सुरक्षा अंगहरुको ऐन नियमहरुमा उल्लेख भएको भेटिँदैन । संसारको कुनैपनि देशमा अवकाश सेना तथा प्रहरीहरुले हाम्रो मुलुकमा जस्तो दलको भातृ संघ संगठनहरु खोली संगठित भएको अभ्यास र उदाहरण समेत छैन। रक्षा र गृह मन्त्रालय मातहत रही बहालवाला संगठन प्रमुखहरुको संरक्षणमा आ आफ्नो संगठन र परेको बेला सरकारलाई सहयोग पुराउनेगरी स्थापना भएका संगठनहरु भने हुने गर्दछ । हाम्रो पनि नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ, पूर्व शसस्त्र प्रहरी बल कर्मचारी संघ तथा नेपाल पूर्व प्रहरी कर्मचारी संगठन, पूर्व नेपाल प्रहरी कर्मचारी परिषद् छ तर यी संगठनहरु कुनैपनि दलको भातृसंघ संगठन भने होइनन् । त्यसैगरी पूर्व सुरक्षाकर्मी परिषद् नेपाल नामको संगठन कुनैपनि राजनीतिक दलको भातृ संगठनको रुपमा नरहेर गैरराजनीतिक, गैर नाफामूलक संस्थाको रुपमा रही राष्ट्र राष्ट्रियताको रक्षा, सुरक्षा र आफ्नो तथा आश्रित परिवारहरुको हकहितमा काम गर्नेगरि विधिवत सरकारी दर्ता भई स्थापनाकालदेखि सरकार तथा बहालवाला सुरक्षा संगठनहरुलाई सहयोग पुऱ्याउने साथै राष्ट्रहित विपरीतको कामहरुमा खबरदारी गर्दै आएको छ । पूर्व सुरक्षाकर्मीहरुको नाम जोडेर हरेक राजनीतिक दलको भातृ संघ संगठनहरु त्यसमा आबद्ध हुनेहरुले देशलाई संकट आईपर्दा साझा भई देश र जनताको पक्षमा सेवा गर्ने हैसियत राख्दैन । उच्च तहका अधिकृतहरु अबकाश हुनासाथ राजनितिक दलमा प्रबेश गर्नुपनि गम्भीर बिषय भएकोले निश्चित समयाअबधि राख्नु पर्ने देखिन्छ। बहालवालाहरुलाई समेत यसको प्रत्येक्ष वा अप्रत्यक्ष प्रभाव पर्न जाने भएकोले राजनीतिक दलहरुले आफ्नो विधानमा पूर्व सेना तथा प्रहरीहरुको नाम जोडेर भातृ संगठन भनी उल्लेख गरिएको अनुसुची समेत तत्काल खारेज गराउनु पर्ने देखिन्छ । बिद्यार्थीको शैक्षिक समस्याहरु र सवालहरु उठाउन एक मात्र स्वतन्त्र बिद्यार्थी युनियन काफी हुन्छ र त्यसो गरिएमा देश र जनताको हितबिपरित जुनसुकै दलको सरकारहरुले गलत काम गरेमा खबरदारी गर्ने एउटा बलियो दबाब समूह पनि बन्न सक्छ। शिक्षक र प्राध्यापकः शिक्षा क्षेत्रमा पनि राजनीतिक दलहरु पिच्छे भातृ संघ संगठनहरु संचालन गरी अतिराजनीतिकरण भएकै कारण एकातिर राज्यले लगानी गरे अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन भने अर्कातिर आफ्नो मुलुकको शिक्षा प्रणालीमा बिश्वास नभएको र विश्वविद्यालय, क्याम्पस तथा बिद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्नुभन्दा राजनीति गर्ने थलोको रुपमा बिकसित भई चरम खिचातानी भएपछि हाम्रा छोराछोरीहरु बिदेशिएको तितो अनुभव आमनागरिकमा सर्वविदितै छ । शिक्षक तथा प्राध्यापकहरुको हकहित सुरक्षित गर्ने दबाब समूहको लागि मुलुकभर एउटै युनियन अर्थात संस्था मात्र हुँदा त्यति असर पर्ने थिएन तर हाम्रो देशमा प्रत्येक राजनीतिक दलहरुपिच्छे शिक्षक तथा प्राध्यापकहरुको नाम जोडेर भातृ संघ संगठनहरु खोलेर गतिबिधि बढाउनु ज्यादै लज्जा र बिडम्बनाको बिषय हो । जनताले तिरेको करबाट तलब सुबिधा लिने शिक्षक र प्राध्यापकहरु आफ्नो शैक्षिक संस्था, अभिभाबक, बिद्यार्थी र समाजप्रति उत्तरदायी हुनुपर्नेमा सो नभई आ आफ्नो राजनीतिक दल तथा विचार प्रति उत्तरदायी भई दलकै आडमा स्वेच्छाचारिता बढ्नुले मुलुकको शैक्षिक संस्थाहरु धराशायी हुँदै गएको छ । यसैकारण यसभन्दा अघि सम्मानित सर्बोच्च अदालतले दिएको आदेश र फैसला समेत कार्यान्वयनमा नल्याई अहिलेपनि त्यस्ता भातृ संघ संगठनहरु स्थानीय, प्रदेश र केन्द्रसम्म रहेकाले तत्काल खारेजीको प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ । उद्योग मजदुर हरुको नाममा भातृ संगठनहरुः हाम्रो मुलुकको उद्योग धन्दा कलकारखाना र संस्थानहरु सबै धराशायी भई बन्द भएको प्रमुख कारण यी निकायहरुमा राजनीतिक दलैपिच्छे भातृ संघ संगठनहरु खोलिनु र दक्ष इमान्दार कामदार खोजिनुभन्दा दलहरुको कार्यकर्ता भर्तीकेन्द्रको रुपमा परिणत हुनु नै हो । आज मुलुक पूर्णरुपमा परनिर्भरताको खाडलमा जाकिएको अवस्था छ । त्यसैगरी बेरोजगार बढ्दै गएको छ । त्यसकारण बँचेखुचेको उद्योगधन्दा, कलकारखाना संस्थानहरुमा अति राजनीतिकरण बन्द गराई श्रमिकहरुको हकहित सुरक्षितको लागि संविधान प्रदत्त एक मात्र आधिकारिक ट्रेड युनियन राखी बाँकी सबै भातृ संघ संगठनहरु तत्काल खारेज गर्नुपर्ने देखिन्छ । विद्यार्थीको नाममा अतिराजनीतिकरणः विद्यार्थी वर्ग भनेको देशको भावी कर्णाधार हुन्। उनीहरुलाई अतिराजनीतिकरणमा परिचालन गर्ने उद्देश्यले दलैपिच्छे भातृ संगठनहरु खोल्नुचन्दा गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने हो। बिद्यार्थीको शैक्षिक समस्याहरु र सवालहरु उठाउन एक मात्र स्वतन्त्र बिद्यार्थी युनियन काफी हुन्छ र त्यसो गरिएमा देश र जनताको हितबिपरित जुनसुकै दलको सरकारहरुले गलत काम गरेमा खबर दारी गर्ने एउटा बलियो दबाब समूह पनि बन्न सक्छ। विश्वविद्यालय तथा आंगिक कलेजहरुमा दलहरुको आ आफ्नो स्वार्थ र हितबिपरित हुँदा तालाबन्दी र हडतालको घृणायोग्य प्रबृत्ति बढ्दो छ। त्यसैकारण पनि पढ्नकै लागि हाम्रा छोराछोरीहरु बिदेशिने र देशको मुद्रा समेत अत्याधिक बाहिरिने क्रम बढ्दो छ। त्यसैले मुलुकको बिश्वबिद्यालयहरुमा राजनीतिक दलहरुको संघ संगठनहरु भनी दलहरुको विधानको अनुसूचीबाट तत्काल हटाउन अति आबश्यक छ। हाम्रो मुलुकको राजनीतिक दलहरुले अपनाई रहेको यस प्रकारको गैरकानुनी र भद्दा अभ्यासहरुको अन्त गराई मुलुकको न्यायालय, सुरक्षा निकाय, निजामती प्रशासन र शैक्षिक अंगहरुलाई साझा, स्वच्छ र निष्पक्ष बनाई मुलुकलाई विधि र सुशासनमा हिँडाउन वर्तमान प्रतिनिधि सभामा रहेका सबै दलका नयाँ अनुहार तथा स्वतन्त्र युवाले पहलकदमी लिनुपर्ने देखिन्छ।

(लेखक पूर्वसैनिक एवं सामाजिक अभियन्ता हुन्।)

*-देश सञ्चार*

# शीतसँगै चुहिन्छन् भूकम्पपीडितका आँसु

नमस्ते समचारदाता

रुकुमपश्चिम, माघ/०५



माघको कठ्याङ्ग्रिँदो जाडो, मडारिएको बादल, मुटु चिस्याउने सिरेटो। घरवासविहीन भूकम्पपीडित परिवारलाई ओत लगाउन जस्तापाता, काठ बेरेर बनाइएका अस्थायी टहरा । जाजरकोट र रुकुमपश्चिमका भूकम्पपीडित दोस्रो हिउँदमा पनि यिनै टहरामा दयनीय अवस्थामा बसेका छन् । गत वर्षको हिउँदमा त्रिपालमुनि कठ्याङ्ग्रिएका र गर्मीयाममा टहराभित्र उकुसमुकुस भएका पीडित यो जाडोमा पनि टहराभित्रै छन् । टहरामा कठ्याङ्ग्रिएका मात्रै छैनन्, छानाको शीतसँगै आँखाबाट आँसु चुहाउन बाध्य छन् । आठबिसकोट नगरपालिका -१३ का नारायण खड्काले छानाबाट तप तप शीत चुहिने गरेको बताउनुभयो । खड्काले भन्नुभयो, “विपत्ति पनि गरिबकै घरमा आयो । शीतले सिरक र आँसुले सिरानी भिज्ने गरेको छ ।” चिसोकै कारण बिहानपल्ट आँखा सुन्निने, ओढेको सिरक भिज्ने गरेको खड्काले जानकारी दिनुभयो । जाजरकोटको नलगाड नगरपालिका-१, ठुलाबगरकी सावित्री रानाले भूकम्पका कारण घरमा च्यापिएकी नाबालिका छोरीको साथमा माइतीमै बस्दै आएको र आफ्नो शरीर सग्लो नरहेको बताउनुभयो । भूकम्पमा घाइते भएपछि माइतीको टहरामा सहारा लिएकी रानाले बुढा बाआमा र नाबालिका छोरीको लालनपालन रेखदेख गर्नुपर्ने जिम्मेवारीले आफ्नो स्वास्थ्य उपचार नै गर्न नपाएको जनाउनुभयो । भूकम्पले परिवार नै तहसनहस पारेकाले ‘कता जाउँ र के गरौँ’ को अवस्थामा रहेको उहाँले उल्लेख गर्नुभयो । नलगाड नगरपालिका-१, कल्पतका जनक नेपालीले भूकम्पपीडितका पीडा झन् थपिँदै गएको उल्लेख गर्नुभयो । नेपालीले भन्नुभयो, “भूकम्पमा घाइते हुँदा गतिलो उपचार पाइनँ, ज्यान आधा छ, घरमा अन्नको दाना छैन, उब्जनीले तीन महिनाभन्दा बढी खाना पुग्दैन । घरमूली कालापहाड जाँदा घरको टहरामा बालबच्चा र ज्येष्ठ नागरिकको बिचल्ली हुने अवस्था छ ।” उहाँले ज्येष्ठ नागरिक र बालबच्चालाई चिसोबाट जोगाउन चुनौती रहेको जनाउनुभयो । आगो बाल्नलाई घरबाहिर सिरेठोले नमिल्ने र टहराभित्र ठाउँकै अभाव हुने गरेको छ । आठबिसकोट नगरपालिका-१४ का वडाध्यक्ष हुकुम बहादुर पुनले टहराको बसाइँ थप जोखिम बन्दै गइरहेको बताउनुभयो । उहाँले आफ्नो परिवार पनि अस्थायी टहरामै बस्ने गरेको, छानाबाट शीत चुहिने र बिहान उठ्दा सिरक भिज्ने गरेको जनाउनुभयो। टहराको शीतसँगै विपत्को पीडाले जनताका आँसु पनि झर्ने गरेको वडाध्यक्ष पुनको भनाइ छ। यता भूकम्प गएको करिब १५ महिनासम्म पनि सरकारले अस्थायी आवास निर्माणबापतको दोस्रो किस्ताको रकमसमेत अधिकांश पीडितले प्राप्त गर्न सकेका छैनन् । २०८० कात्तिक १७ गतेको भूकम्पका कारण जाजरकोटमा ४८ हजार ५१६, रुकुमपश्चिममा ३४ हजार ९९७ र सल्यानमा चार हजार ४०७ घरमा क्षति पुगेको तथ्याङ्क छ । भूकम्पले जाजरकोट र रुकुमपश्चिममा १५४ जनाको ज्यान गएको थियो। पुनर्निर्माणको काम समयमै नहुँदा पीडितहरू अझै पनि अस्थायी टहरामा कष्टकर जीवनयापन गर्न बाध्य छन् । यसको मारमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी तथा आर्थिक रूपमा विपन्न वर्गका नागरिक परिरहेका छन् ।

# हिमपातले चिसो बढ्यो, खेतीपाती राम्रो हुने

नमस्ते समचारदाता

बाजुरा, माघ/०५



बाजुरामा फेरि हिमपात सुरु भएपछि चिसो बढेको छ । हिमाली क्षेत्रका उच्च ठाउँमा गत बिहीबारदेखि हिमपात भएपछि चिसो बढेको हो । चिसोका कारण यहाँका बासिन्दाको दैनिक काम प्रभावित भएको छ । शुक्रबार बिहान ७ बजेदेखि फेरि हिउँ पर्न सुरु भएपछि चिसो पनि निकै बढ्न थालेको बुढीनन्दा नगरपालिका-७, सेरकाटीयकी जनपुरा विकले बताउनुभयो । उहाँले भन्नभुयो, “बडीमालिका, बुढीनन्दा, जगन्नाथ, हिमाली, स्वामीकार्तिकलगायतका उच्च स्थानमा हिउँ पर्न सुरु भएपछि चिसो बढेर यहाँका बासिन्दाको दैनिक काम प्रभावित भएको छ ।” बिहीबार बिहानैदेखि पर्न थालेको हिमपातले बालबालिका तथा वयोवृद्धलाई चिसोले घरबाहिर आउन नसकेको विकले बताउनुभयो । हिउँदको महिना यहाँ त्यसै पनि निकै चिसो हुन्छ । त्यसैबेला फेरि यहाँ दुई पटक हिउँ परेपछि अहिले झन् चिसो बढेको छ। मङ्सिर, पुस र माघको महिनादेखि नै यहाँका अधिकांश ठाउँमा धेरै चिसो हुने गर्छ । यस वर्ष मङ्सिरको २३ गतेदेखि हिउँ पर्न सुरु भएपछि त्यो हिउँको चिसोले यहाँका बालबालिका तथा ज्येष्ठ नागरिकलाई निकै कठिनाइ भएको छ। पटक पटक हिमपात हुन थालेपछि अहिले बाजुराका स्थानीयलाई गाईभैंसी र भेडाबाख्रालाई वनमा चरिचरन गराउनसमेत समस्या भएको छ । हिउँले यहाँको जमिन पूरै सेताम्मे भएपछि यहाँका स्थानीयलाई भेडाबाख्रालाई बाहिर ल्याएर चरिचरन गर्न समस्या हुने गरेको छ। बाजुरामा हिउँदे खेतीका बेला सिँचाइको अभाव हुने गरेको छ। सिँचाइ अभावका कारण हिउँदे बाली गहुँ र जौ सुक्ने गर्छ । यस वर्ष भने चार पटक हिउँ परेपछि खेतीपाती राम्रो हुने आशामा कृषक खुसी भएका छन् । हिउँ परेपछि सिँचाइ अभावका कारण सुक्न लागेको गहुँ र जौ बाली अब हराभरा हुने आस कृषकको छ। बाजुरामा दुई लाख ३० हजार ३७ हेक्टर जमिनमध्ये २२ हजार हेक्टर जमिन खेतीयोग्य छ भने यसमा पाँच हजार २३५ हेक्टर जमिनमा मात्र वर्षभरिमा सिँचाइ हुने गरेको कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख दसिराम साहनीले बताउनुभयो ।

## २०%...

त्यस्तै बजार मूल्य नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी पाएको सरकारी निकाय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेल आफूहरूले ऐन संशोधनका लागि प्रस्ताव नगरेको बताउँछन् । पौडेलले भने, ‘यो ऐन -कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन) संशोधनका लागि हाम्रो (विभाग)तर्फबाट प्रस्ताव गएको छैन । गृह मन्त्रालयबाट प्रस्ताव गएको हुन सक्छ ।’ मूल ऐनमा भएको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने व्यवस्था हट्दा आगामी दिनमा बढी मूल्य लिएको आधारमा कसैलाई पनि कारबाही गर्ने आधार नहुने उनको भनाइ छ। उनले व्यवसायीले निर्धारण गर्ने अधिकतम खुद्रा मूल्य (एमआर पी)लाई आधिकारिक मान्नुपर्ने स्थिति आएको बताए । महँगी नियन्त्रण गर्नुपर्ने दायित्वबाट विमुख सरकारले आगामी दिनमा मूल्यवृद्धिलाई प्रश्रय दिने गरी अध्यादेशमार्फत कानुन संशोधन गरेको भन्दै उपभोक्ता अधिकार कर्मीले विरोध गरेका छन् । उपभोक्ता अधिकारका क्षेत्रमा पैरवी गर्दै आएका अधिवक्ता समेत रहेका ज्योति बानियाँले उपभोक्ता हित प्रतिकूल र संविधानको बर्खिलाप हुने गरी सरकारले कालोबजारीसम्बन्धी ऐन अध्यादेशबाट संशोधन गरेको बताए । ‘अध्यादेशमार्फत व्यापारीले जति पनि नाफा लिन पाउने व्यवस्था गरियो । यो त उपभोक्तामाथि ठुलो अपराध भयो,’ उनले भने ।

# सिमकोटमा छ करोडको आलु बिक्री

नमस्ते समचारदाता

हुम्ला, माघ/०५



जिल्ला सदरमुकाम सिमकोट गाउँपालिकामा यस वर्ष छ करोड रुपियाँभन्दा बढी मूल्यको आलु बिक्री भएको छ। किसानले व्यवसायिक आलु खेती गर्न थालेपछि सो मूल्यको आलु बिक्री भएको हो । सिमकोट गाउँपालिका कृषि शाखाका प्रमुख नेत्र बहादुर शाहीले यस वर्ष गाउँपालिकाका आठ वटै वडामा गरी छ करोड २५ लाख रुपियाँ बराबरको आलु उत्पादन गरी बिक्री गरिएको बताउनुभयो । गाउँपालिकाभर ६४० हेक्टर आलु खेती गर्दा १२ हजार पाँच सय क्विन्टल आलु उत्पादन भएको छ। सदरमुकाम सिमकोटमा आलु प्रतिकेजी ५० रुपियाँ पर्छ। उहाँले गत वर्षभन्दा यस वर्ष आलु उत्पादन पाँच सय क्विन्टल कम भए पनि आलु किसानका लागि आम्दानीको राम्रो स्रोत भएको बताउनुभयो । आलु खेतीबाट आम्दानी हुने भएपछि किसानले व्यावसायिक रूपमा खेती गर्दा आलु उत्पादन गर्न सकेका हुन्। गाउँपालिकाका अधिकांश घरधुरीमा आलु खेती गर्ने गरिन्छ। उहाँले त्यसैले प्रत्येक घरधुरीको आम्दानीको स्रोत आलु नै भएको बताउनुभयो । यो आलु सिमकोट बजार, ठेहे, खार्पुनाथ र सर्केगार्ड गाउँपालिकासम्म जाने गर्छ। आलु खेती आम्दानीको स्रोत भएका कारण गाउँपालिकाले आलु खेतीलाई विस्तार गर्ने कार्यक्रमसमेत ल्याउने जानकारी उहाँले दिनुभयो । गोठे तथा प्राङ्गारिक मलबाट आलु खेती गरिने भएका कारण हुम्लाको आलु विषादीरहित हुने गरेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४५२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# बाँकेका शैक्षिक परामर्श व्यवसायी एकजुट हुने निर्णय

■ नमस्ते समचारदाता

बाँके, माघ/०५



बाँके जिल्लाका शैक्षिक परामर्श व्यवसायीहरूले आफ्नो क्षेत्रलाई थप प्रभावकारी बनाउन एकीकृत भेला गरी संस्थागत गर्ने निर्णय गरेका छन् । संस्थालाई संस्थागत गर्दै सञ्चालन गर्नका लागि १३ सदस्यीय कार्यसमिति गठन गरिएको छ। सुरज थापालाई अध्यक्षमा चयन गरिएको छ भने अर्जुन के.सी. उपाध्यक्ष, बामदेव पोखेल सचिव, नवराज के.सी. सह- सचिव र खुशी शाहलाई कोषाध्यक्षको जिम्मेवारी दिइएको छ । साथै कुल प्रसाद जैसी, विनोज बास्तोला, महेश बस्नेत, नविन थापा, खगेन्द्र वली र दिपक पुन सदस्यमा चयन भएका छन् । थप दुई जना सदस्यलाई पछि मनोनित गरिने बताइएको छ। संस्थाको विधान तयार गर्न बामदेव पोखेलको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा समिति गठन गरिएको छ । यस समितिमा कुल प्रसाद जैसी, खुशी शाह, नवराज के.सी. र खगेन्द्र वली सदस्य छन्। साथै संघको नाम "जापानीज शैक्षिक परामर्श संघ बाँके" राख्ने निर्णय गरिएको छ । नवनिर्वाचित सचिव तथा ब्राईट इनटेक एजुकेशन कन्सल्टेन्सीका संचालक बामदेव पोखेलले भेलामा गरेका निर्णयहरूले बाँकेका शैक्षिक परामर्श व्यवसायीहरूलाई एकताबद्ध गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरेका छन्। उनले क्षेत्रलाई व्यवस्थित बनाउँदै गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् । भेलामा उपस्थित व्यवसायीहरूले संस्थाको गठनलाई स्वागत गर्दै यसले शैक्षिक परामर्श क्षेत्रमा नयाँ आयाम थप्ने र व्यवसायीहरूको पेशागत विकासमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । नवनिर्वाचित अध्यक्ष तथा नेपालगंज एचिभर्शका संचालक सुरज थापाले यस संस्थाको गठनले बाँके जिल्लामा शैक्षिक परामर्श व्यवसायलाई संस्थागत गरी व्यवस्थित बनाउने दिशामा ठूलो योगदान दिने अपेक्षा गरेको बताए । साथै, मितेरी एजुकेशन नेपागंजका संचालक तथा नवनिर्वाचित सदस्य कुल प्रसाद जैशीले स्थानीय व्यवसायीहरूबीच एकता र सहकार्यका लागि यो निर्णय ऐतिहासिक रहेको बताए। शैक्षिक परामर्श व्यवसायीहरुको भेला नेपालगञ्जमा सम्पन्न भएको हो।

# हिउँदमा पनि लिमीको सुनखानी आधारभूत विद्यालयमा पठनपाठन सुचारु

■ नमस्ते समचारदाता

हुम्ला, माघ/०५



जिल्लाभरका विद्यालय हिउँदे बिदामा बन्द छन् । तर नाम्खा गाउँपालिका- ६ को हिमालपारिको गाउँ हल्जी गाउँमा रहेको सुनखानी आधारभूत विद्यालयमा भने पठनपाठन सुचारु छ। सहयोगी निकायहरुले शिक्षकको व्यवस्था गर्नु र हिउँदमा पनि पठनपाठन सुचारु गर्न अभिभावकहरु सकारात्मक भएका कारण पठनपाठन सुचारु भएको हो । उक्त विद्यालयका शिक्षक बिकल तामाङले सबै अभिभावक, वडा, सहयोगी निकाय र शिक्षकको साझा सहमति अनुसार हिउँदे बिदामा पनि पठनपाठन सुचारु गरिएको बताउनुभयो । जिल्लाभर १५० वटा विद्यालय हिउँदे बिदाका कारण बन्द छन्। तर लिमीको सो विद्यालयमा भने पठनपठान सुचारु छ । शनिबारसमेत पढाइ हुँदै आएको उहाँको भनाइ छ । उहाँले विद्यार्थीहरुको पढाइमा सुधार ल्याउनका लागि केही वर्षयता विद्यालयमा हिउँदे बिदामा पढाइ सुचारु गर्ने गरिएको बताउनुभयो। सो विद्यालयमा दुई वर्ष अगाडिसम्म कक्षा पाँचसम्म मात्र पढाइ हुने गर्थ्यो। त्यतिबेला कक्षा पाँच उत्तीर्ण विद्यार्थीहरु काठमाडौं र केही भारतमा माथिल्लो शिक्षा अध्ययन गर्न जाने गरेको भए पनि गत वर्षबाट कक्षा पाँच उत्तीर्ण विद्यार्थीहरु सोही विद्यालयमा कक्षा छमा अध्ययन गर्ने व्यवस्था गरिएको छ। यद्यपि यस वर्ष कक्षा सातमा पुऱ्याउने र त्यसलाई मावि स्तरमा पुऱ्याउने लक्ष्य वडा र विद्यालयले लिएको उहाँले बताउनुभयो । यसरी विद्यालयमा पठनपाठन सुचारु गर्नका लागि एक जना सरकारी, तीन जना अमेरिकी सहयोगमा सञ्चालित संस्था आत्मीय नेपाल र एक जना आधार नेपालले शिक्षकको व्यवस्था गरेको छ। विद्यालयको पठनपाठनको अवस्था बुझ्न र आत्मीय नेपालको राष्ट्रिय निर्देशक यान्जिला थापा यसवर्ष लिमीमै पठन पठनपाठनमा सघाउ पुऱ्याइ रहनुभएको छ। हाल विद्यालयमा २४ जना विद्यार्थी नियमित रुपमा विद्यालयमा आएर पठनपाठनमा सहभागिता जनाउँदै आएका छन् । चिसोका कारण १७ जना बालविकासका विद्यार्थीहरु विद्यालयमा नआउने गरेको भए पनि कक्षा एकमा चार , कक्षा दुईमा पाँच, कक्षा तीनमा चार, कक्षा चारमा दुई जना, कक्षा पाँचमा चार र कक्षा ६ मा तीन जना विद्यार्थी नियमित रुपमा विद्यालय आउने गरेको शिक्षक तामाङले बताउनुभयो । वडा अध्यक्ष पाल्जोर तामाङले विद्यालयमा बिहानको खानाको व्यवस्था अभिभावक मिलेर विद्यार्थी र शिक्षकलाई विद्यालय मै गर्ने गरिएको बताउनुभयो । यसको खर्च व्यवस्था पनि अभिभावक मिलेर गर्ने गरिएको छ। आत्मीय नेपालको आर्थिक सहयोगमा १४ कोठे नयाँ भवन निर्माण भएर हाल सोही भवनमा पठनपाठन हुने गरेको छ भने आठ कोठे भवन निर्माणाधीन अवस्थामा रहेको उहाँले बताउनुभयो । यसअघि धेरै पहिले भिरालो जमिनमा बनेका जीर्ण भवनमा पठनपाठन हुने गर्थ्यो।

# धुवनका बासिन्दा वन्यजन्तुको चपेटामा

■ नमस्ते समचारदाता

बर्दिया, माघ/०५



बर्दियाको मधुवन नगरपालिका, वडा नं. २ का स्थानीय बासिन्दा वन्यजन्तुका कारण निरन्तर समस्यामा परिरहेका छन् । स्थानीय सबिना थारुजस्तै धेरै युवा किसानहरुले जंगली जनावरले बाली नष्ट गर्दा भोग्नुपरेको आर्थिक क्षतिप्रति राहत नपाएको गुनासो गरेका छन् । सबिनाले भनिन्, "गत कार्तिकमा पाँच कट्ठाको धान सखाप भयो, तर राहत अहिले सम्म पाएको छैनौं ।" त्यस्तै, जनक कुमारी थारुले जंगलसँग जोडिएको बाटो कालोपत्रे गर्न र वरिपरि बिजुली बत्तीको व्यवस्था गर्न स्थानीय सरकारले ध्यान नदिएको बताएर चिन्ता व्यक्त गरिन । उनका अनुसार, रातको समयमा बाघ, चितुवा र हात्ती जस्ता जंगली जनावरको त्रासले बासिन्दाको दैनिकी प्रभावित भइरहेको छ। स्थानीय सुशीला चौधरीले राजनैतिक दलहरुले पनि वन्यजन्तुबाट हुने क्षति तर्फ खास्सै ध्यान नदनिएको गुनासो गरिन । वन्यजन्तुबाट हुने क्षति, बाली नोक्सानी, र मानिसको ज्यान खतरामा पर्ने समस्याबारे स्थानीय सरकारले ध्यान दिन नसकेको गुनासो स्थानीयहरू माझ व्यापक छ । साथै, वन्यजन्तु र बालीको बीमा प्रणाली अझै प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन। यी चुनौतीहरुबारे सचेतना र समाधानको खोजी गर्नका लागि शनिबार क्लब चौतारी कार्यक्रमको आयोजना गरियो । युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम अन्तर्गत 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान' को गतिविधीका रुपमा आयोजित क्लब चौतारी कार्यक्रममा स्थानीय किशोरकिशोरी र युवाहरु, सीसीएनका पदाधिकारीहरु, नेपालगंजका वरिष्ठ पत्रकार झलक गैरे लगायतको सहभागीता रहेको थियो । कार्यक्रमका सहजकर्ता हरि गुरुङ्गले वन्यजन्तुको क्षतिबाट जोगिन बीमा प्रणाली र राहत निर्देशिकाको महत्वबारे जानकारी गराए। साथै, वन्यजन्तु र मानिसबीचको सहअस्तित्वका उपायहरुबारे छलफल गरियो । कार्यक्रमले किशोरकिशोरी र युवाहरुलाई मानव-वन्यजन्तु द्वन्द सम्बोधनका लागि आवश्यक वकालत क्षमता र सचेतना अभिवृद्धिमा टेवा पुऱ्याएको सीसीएनका कार्यकारी निदेशक तुला अधिकारीले बताए।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके